# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालसँग Article IV Mission मा रहेको IMF प्रतिनिधि मण्डलद्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग Article IV Mission का क्रममा नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को प्रतिनिधिमण्डलले असोज ५ गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो । भेटवार्ताका अवसरमा मिसन प्रमुख Mr. Gerard J. Almekinders ले IMF बाट प्रत्येक वर्ष नियमित रुपमा हुने यस मिसनको उद्देश्य नेपालको अर्थतन्त्रको समग्र अवस्था अध्ययन गरी सोको प्रतिवेदन दिनु रहेको बताउनुभयो । उहाँले यस अध्ययन पश्चात् पुनर्संरचना तथा पुनर्निर्माणको क्रममा रहेको नेपालका लागि के कस्तो कार्यक्रमहरु तर्जुमा गरी लागु गर्न आवश्यक छ भन्ने सम्बन्धमा सुझाव दिइने बताउनुभयो । उक्त कार्यक्रमहरूको मुख्य उद्देश्य मुद्रास्फीतिलाई वाञ्छित स्तरमा राख्दै वित्तीय स्थायित्व एवम् उच्च आर्थिक वृद्धि हासिल गर्ने रहने बताउनुभयो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले देशको वर्तमान आर्थिक स्थितिका बारेमा जानकारी गराउनु हुँदै नेपाल राष्ट्र बैंकले मौद्रिक व्यवस्थापन, वित्तीय स्थायित्व, वित्तीय पहुँच अभिवृद्धि, भुक्तानी प्रणालीमा सुधार एवम् लक्षित आर्थिक वृद्धिका लागि गरेका कार्यहरुका बारेमा प्रकाश पार्नुभयो । सो क्रममा उहाँले संविधान जारी भैसकेकाले अब नेपाली अर्थतन्त्रले गति लिने विश्वास समेत व्यक्त गर्नुभयो ।

नेपालको अर्थतन्त्र सुधारका लागि IMF मिसनले दिने सुझावहरुलाई गम्भिरतापूर्वक लिइने जानकारी गराउनु हुँदै गभर्नर डा. नेपालले बढ्दो व्यापार घाटा एवम् नेपाली अर्थतन्त्रका संरचनात्मक कमिकमजोरीका बारेमा विस्तृत अध्ययन गरी सुझाव दिन मिसनलाई आग्रह गर्नुभयो ।

प्रतिनिधि मण्डलका साथ IMF, Southeast Asia Voting Group का कार्यकारी निर्देशकका वरिष्ठ सल्लाहकार Mr. Thomas Benjamin B. Marcelo को पनि उपस्थिति रहेको थियो । यसै गरी नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय गोपालप्रसाद काफ्ले र महाप्रसाद अधिकारी लगायत कार्यकारी निर्देशकहरुको समेत उपस्थिति रहेको थियो ।

**२०७२ असोज ५, मंगलबार**

**गभर्नरको कार्यालय**